6981326

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## आदेश

मु.नं. २९०/२०७०/०७१

निर्णय नं.३२६

मुक्तिनाथ विकास बैंक लिमिटेड, डेस्क कार्यालय दुलेगौडा, तनहुँका सहायक अधिकृत (हाल निलम्बन) प्रकाश वास्कोटा ............................................................................................................१ पुनरावेदक

विरूद्ध

प्रमुख कार्यकारी अधिकृत, मुक्तिनाथ विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, पोखरा ............१ विपक्षी

सूचना अधिकारी, मुक्तिनाथ विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, पोखरा ......................१

विषय :- माग गरेको सूचनाको सम्बन्धमा अनुसन्धान भैरहेकोले तामेलीमा राख्ने ।

मुक्तिनाथ विकास बैंक लिमिटेड, डेस्क कार्यालय दुलेगौडा, तनहुँका सहायक अधिकृत (हाल निलम्बन) प्रकाश वास्कोटाले मुक्तिनाथ विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, पोखरा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२४ मा पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७२।०५।२८, च.नं. १३४, प.सं. ०७२।०७३ र मिति २०७२।०६।१९, च.नं. २२६, प.सं. ०७२।०७३ को पत्र बमोजिम मुक्तिनाथ विकास बैंक लिमिटेडको मिति २०७२।०६।२०, च.नं. मु.वि.बै.लि./के.का./१६४/०७२/०७३ को पत्र मार्फत पुनरावेदकले बैंकको हानी गरेको हुँनाले ठगी मुद्दा चलाई निलम्बनमा परेको भन्ने जवाफ प्राप्त भएकोले अनुसन्धानको सिलसिलामा रहेको । प्रस्तुत पुनरावेदनलाई हालको लागि तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर २१ गते रोज २ शुभम् ।